सम्झौता कोड : २५.२०७३.२०७४.५६

# गरीबी निवारण कोष र सहयोगी संस्था बीच सम्पन्न सम्झौता

गरीबी निवारण कोष (यस पछि "कोष" भनिएको) र हिमाली क्षेत्र विकास केन्द्र (यस पछि "संस्था" भनिएको) बीच आज मिति २०७३-६-६ मा सम्पन्न सम्झौता पत्र ।

देहायका शर्त तथा अवस्थाहरुको अधिनमा रही गोरखा जिल्लामा निम्न गा.बि.स./ न.पा.मा कम्तीमा एक बर्ष सम्मको अवधिका लागि गरीबी निवारण कार्यक्रम लागु गर्ने काममा संस्थाको सेवा लिने कोषको इच्छा रहे अनुरुप

- उईया
- लापु
- गुमडा
- लपार्क

यसऺसम्झौताका पक्षहरु देहायका शर्तहरु पालना गर्न मन्जुर गर्दछन :

**१. संस्थाका उत्तरदायित्वहरु :**

संस्था अब उप्रान्त यो सम्झौताका शर्तहरु पालना गर्न र संलग्न कार्य विवरण (कार्य सुची) तथा संस्थाको प्रस्तावमा उल्लेखित सेवाहरु प्रदान गर्न मञ्जुर गर्दछ । आफ्ना उत्तरदायित्वहरु वहन गर्ने क्रममा संस्थाले कोषद्वारा तयार गरिएको मानक तथा कार्यविधि दिग्दर्शनको पालना गर्नेछ । संस्थाले प्रस्ताव अनुरुपको आवश्यक दक्ष कर्मचारीहरुको सुनिश्चितता गर्नेछ । यो सम्झौतामा हस्ताक्षर गरे उप्रान्त संस्थाले कार्य परियोजनाको उदेश्यहरु प्रति कटिबद्ध रहन र ति उदेश्यहरु कुशल तथा अनुभबी व्यवस्थापन संगसंगै उपयुक्त आर्थिक मापदण्ड एवं अभ्यासहरुका साथ लागु गर्ने आफ्नो प्रतिबद्धता जाहेर गर्दछ ।

**२. कोषका उत्तरदायित्वहरु :**

यस सम्झौताको दफा ६ मा तोकिए बमोजिमको भुक्तानी गर्न कोष मञ्जुर गर्दछ ।

**३. सम्झौताको समयावधी :**

यस सम्झौता २०७३-४-१ बाट लागु हुनेछ र सन्तोषजनक कार्य सम्पादनको आधारमा कार्य विवरण (सुची) अनुरुप यसलाई बार्षिक वा चरणबद्ध रुपमा बिस्तारित गर्न सकिनेछ । यो सम्झौताको पहिलो चरण अन्तर्गतका सबै कार्यहरु मिति २०७४-३-३१ सम्म पुरा गरिसक्नु पर्नेछ।यो सम्झौतामा हस्ताक्षर गर्नु भन्नाले दुवै पक्षद्वारा स्वीकृत कार्यक्रमका सम्बन्धमा कार्य गर्न प्रतिबद्धता जाहेर गरेको बुझ्नु पर्नेछ। यो सम्झौताको समयावधी २०७४-३-३१ सम्मका लागि हुनेछ र दुवै पक्षको लिखित सहमति यसको नबिकरण गर्न सकिनेछ।

**४. सम्झौताको सिमा क्षत्र (कार्यक्षेत्र) :**

४.१ यो सम्झौता यसभन्दा पहिले भए गरेको सम्पूर्ण पत्राचार / व्यवहार तथा सहमतिहरु उपर लागु हुनेछ। आपसी सहमतिमा लिखित रुपमा नै प्रष्ट रुपले इच्छा जाहेर नगरे सम्म यो सम्झौता पत्रमा संशोधन गर्न सकिने छैन।

४.२ यो सम्झौता दुवै पक्षहरु देहाय बमोजिम कार्य गर्न मञ्जुर रहनेछन:

- यो सम्झौता अनुसार,
- संलग्न कार्य विवरण अनुसार,
- संस्थाको प्रस्ताव अनुसार ।

सामाजिक परिचालन तथा क्षमता बिकासका लागि स्वीकृत प्रस्ताव यो सम्झौताको अभिन्न अंग हुनेछ ।

४.३ संस्थाका दायित्व तथा अधिकारहरु यो सम्झौताको शर्त एवं अवस्थाहरुको अधिनमा हुनेछन । यो सम्झौतामा प्रष्ट रुपमा अन्यथा लेखिएको अवस्थादेखि बाहेक संस्था तथा संस्थाको तर्फबाट सेवा प्रदान गर्ने कर्मचारीहरु कुनै प्रकारको मुनाफा/फाइदा, भुक्तानी, क्षतिपूर्ति वा दाबीका हकदार हुने छैनन् ।

४.४ कोषको पूर्व लिखित स्वीकृति बिना संस्थाले अर्को कुनै संस्थालाई यो सम्झौता हस्तान्तरण गर्न वा अर्को कुनै पक्षसंग सहसम्झौता गर्न सक्ने छैन । कोषद्वारा तोकिएको शर्त बमोजिम भुक्तानी गरिनेछ ।

**५. भुक्तानी :**

५.१ कोषद्वारा तयार गरिएको शर्तको अधिनमा रही भुक्तानी दिइनेछ। संस्थाद्वारा सम्पादित सेवाहरुको पूर्ण प्रतिफलको रुपमा पहिलो चरणको गतिबिधिका लागि संस्थाको प्रस्तावित प्रस्ताव बमोजिम तयार गरिएको आर्थिक प्रस्ताव तथा लागत विवरणको आधारमा कोषले १४२२४१२.०० (अक्षरमा रु. चौध लाख बाइस हजार चार सय बाह्र रुपैंया मात्र ।) रुपैयामा नबढ्ने गरि जम्मा १४२२४१२.०० रकम संस्थालाई बुझाउनेछ ।

माथि उल्लेखित रकममा देहायका रकमहरु समाबेश हुनेछन :

- सामाजिक परिचालनको लागि अनुमानित लागत १२०९०६२.०० (अक्षरमा रु. बाह्र लाख नौ हजार बासाठी रुपैंया मात्र ।)
- क्षमता बिकासको लागि अनुमानित लागत ११६८५०.०० (अक्षरमा रु. एक लाख सोह्र हजार आठ सय पचास रुपैंया मात्र ।)
- अनुगमन तथा मुल्यांकनका लागि अनुमानित लागत ४६५००.०० (अक्षरमा रु. छयालिस हजार पाँच सय रुपैंया मात्र ।)
- भुकम्प प्रभावित घरधुरीलाई मोबाईल तालिम लागत ५००००.०० (अक्षरमा रु. पचास हजार रुपैंया मात्र ।)

५.२ भुक्तानीको प्रक्रिया देहाय बमोजिमको हुनेछ :

- **भुक्तानी नं. १**

  यो सम्झौताको जम्मा रकमको ५०.०० प्रतिशत रकम सम्बन्धमा ७११२०६.०० रकम (अक्षरमा रु. सात लाख एघार हजार दुई सय छ रुपैंया मात्र ।) । मिति २०७३-६-१४ मा भुक्तानी गरिनेछ ।

- **भुक्तानी नं. २**

  यो सम्झौताको जम्मा रकमको ३०.०० प्रतिशत रकम सम्बन्धमा ४२६७२४.०० रकम (अक्षरमा रु. चार लाख छब्बीस हजार सात सय चौबीस रुपैंया मात्र ।)। यो भुक्तानी मिति २०७३-१२-१४ मा गरिनेछ ।

- **भुक्तानी नं ३**

  यो सम्झौताको जम्मा रकमको २०.०० प्रतिशत रकम सम्बन्धमा २८४४८२.०० रकम (अक्षरमा रु. दुई लाख चौरासी हजार चार सय बयासी रुपैंया मात्र ।)। यो भुक्तानी मिति २०७४-४-३० मा गरिनेछ ।

५.३ सबै भुक्तानिहरु संस्थाको नाममा Account Payee चेकद्वारा गरिनेछ । संस्थाले कोषको कार्य परियोजनाको प्रयोजनका लागि एउटा छुट्टै बैंक खाता संचालन गर्नेछ र भुक्तानीका लागि सो सम्बन्धि विवरण पेश गर्नेछ ।

५.४ अनुबर्ती चरणहरुको भुक्तानी रकम प्रत्येक चरणको समाप्ति पश्चात यो सम्झौतामा आवश्यक संशोधन गरि फछ्र्यौट गरिनेछ ।

**६. अभिलेख, सूचना, लेखा र प्रतिवेदन :**

६.१ संस्थाले यो सम्झौता बमोजिम प्राप्त गर्ने कोषको पूर्ण अभिलेख सहि र ठिक तरिकाले राख्नु पर्नेछ। संस्थाको लेखा किताब तथा अभिलेख कोषद्वारा तयार गरिएको ढाचामा कोषको खर्च तथा आम्दानी अलग अलग रुपमा देखिने गरि राख्नु पर्नेछ ।

६.२ संस्थाले कोषको आवश्यकता अनुरुप कार्य परियोजनाको लक्षित समुदाय / लाभग्राही एवं बताबरनिय मुल्यांकन सम्बन्धि आधारभूत सूचना प्रदान गर्नु पर्नेछ । यो सम्झौता बमोजिम संस्थाद्वारा प्राप्त गरिने रकमको सम्बन्धमा कोषले तोकिएको ढाचामा लिखित वा मौखिक अनुरोध गरेमा संस्थाले सो सम्बन्धमा आवश्यक अभिलेख वा सूचना कुनै पनि समयमा कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

६.३ कोषद्वारा जारी गरिएको (कार्य) संचालन निर्देशिका अनुरुप संस्थाले सामूदायिक संस्था तथा गाउँ विकास समिति तहमा एउटा परिणाम उन्मुख अनुगमन पद्धति स्थापना गर्नेछ । संस्थाद्वारा सम्पादित सेवाहरुको सम्बन्धमा कोषले लिखित वा मौखिक रुपमा अनूरोध गरेमा संस्थाले त्यस्तो सूचना वा अभिलेख कुनै पनि समयमा कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

६.४ संस्थाले मासिक प्रगति विवरण प्रतिबेदन र लेखा विवरण कोषलाई बुझाउनु पर्नेछ । यसका अरितिक्त संस्थाले बजेट तथा वास्तविक खर्च विवरण सहितको त्रैमासिक प्रगति प्रतिबेदन र बार्षिक प्रतिबेदन कोषलाई बुझाउनु पर्नेछ । कार्य परियोजनाको समाप्ति संगै परियोजनाको अन्तिम कार्य सम्पादन प्रतिबेदन समेत संस्थाले बुझाउनु पर्नेछ ।

६.५ कोष वा कोषद्वारा नियुक्त कुनै पक्षलाई(१) परियोजना क्षेत्रमा भएको प्रगति बिबरणको अनुगमन गर्नेछ (२) संस्था र/वा समूदायलाई सहायता प्रदान गर्ने र (३) सम्झौता लागु भएको अबधिको कुनै पनि समयमा परियोजना क्षेत्रमा अध्ययन गर्ने अधिकार हुनेछ । त्यस्तो क्रियाकलाप वा गतिबिधिका लागि कोष वा कोषद्वारा नियुक्त पक्षलाई सहयोग गर्नु संस्थाको कर्तब्य हुनेछ ।

६.६ संस्थाले कोषलाई स्वीकार्य हुने गरि दर्तावाला लेखा परिक्षकद्वारा कार्य परियोजनाको बार्षिक लेखा तथा कार्य सम्पादन परिक्षण गराउनु पर्नेछ । कार्य परियोजनाको अन्तिम लेखा परिक्षण परियोजना समाप्त भएको मितिले ६ महिना भित्र गराई लेखा परिक्षण बुझाउनु पर्नेछ ।

६.७ यो सम्झौतालाई कार्यन्वयन गर्ने सम्बन्धमा सम्पूर्ण पत्राचारहरु देहायको ठेगानामा गर्नु पर्नेछ :

| | |
|---|---|
| कोषको हकमा | संस्थाको हकमा |
| कार्यकारी निर्देशक | अध्यक्ष |
| ताहाचल, काठमाडौं | हिमाली क्षेत्र विकास केन्द्र |

यो सम्झौतामा उल्लेख गरिएको रकम देखि बाहेक कोष वा यसका प्रतिनिधिले कुनै प्रकारको वास्तविक तथा अन्तर्निहित कोषको प्रतिज्ञा गरेका छैनन् भन्ने तथ्य संस्थाले मनन गर्नेछ ।

६.८ संस्थाले यो सम्झौताको प्रतिलिपि सूचना आदान प्रदान गर्ने प्रयोजनको लागि सामूदायिक संस्थालाई उपलब्ध गराउनेछ ।

**७. दावीबाट उन्मुक्ति :**

संस्था एक स्वतन्त्र पक्ष हुनेछ र यो सम्झौता अन्तरगत सेवा प्रदान गर्ने कुनै कर्मचारी वा कुनै व्यक्तिको जीवन, स्वास्थ, दुर्घटना, यात्रा वा अन्य कुनै बिमा सुरक्षा, कर वा भ्याट सम्बन्धमा कोषले कुनै उत्तरदायित्व बहन गर्ने छैन । यस प्रकारका उत्तरदायित्वहरु सम्पूर्ण संस्थाले ब्योहोर्नेछ।

**८. संस्थाको दायित्व :**

यो सम्झौता लागु गर्ने सम्बन्धमा संस्थाका कुनै कार्य वा अकार्यबाट सिर्जित तेस्रो पक्षको दाबीका लागि संस्था पूर्णतया जवाफदेही हुनेछ । तेस्रो पक्षद्वारा त्यस्तो दाबीका लागि कुनै पनि अवस्थामा कोष जवाफदेही हुने छैन ।

**९. उपकरण :**

कोष तथा संस्थाको बिचमा लिखित रुपमा अन्यथा सम्झौता भएको अवस्थादेखि बाहेक कोषद्वारा आपूर्ति गरिएको कोष (रकम) बाट संस्थाले खरिद गर्ने उपकरणहरु कोषको सम्पति हुने छन् र त्यस्तो उपकरणलाई सम्झौता अबधिभर प्रस्तावित कार्य परियोजनामा इंगित कार्यका लागि प्रयोग गरिनेछ ।

**१०. उपयोगमा नआएको कोष :**

चालु चरणको कार्य परियोजना समाप्ति हुनु कम्तिमा दुइ महिना पूर्व संस्थाले अर्को चरणको प्रस्ताव पेश गर्नु पर्नेछ । अर्को चरणको लागतलाई स्वीकृत गर्दा वा आवस्यकता अनुसार लागतलाई समायोजन गर्ने उद्देश्यले कार्यक्रमको पुनरावलोकन गर्न सकिनेछ । कोषले संस्थालाई तिर्ने रकममा बढी हुन आएको रकम (खर्च नभएको र तिर्न बाकी नरहेको रकम) घटाउने छ र संस्थाले त्यस्तो रकम कोषलाई फिर्ता गर्नु पर्नेछ वा कोषको सल्लाह बमोजिम किनारा लगाउनु पर्नेछ । सबै क्रियाकलापको समाप्ति पश्चात सम्झौताको अन्त्यमा लागत स्वीकृत बजेटको रकमभन्दा बढी नभएमा बचेको कोष संस्थाको हुनेछ । यस सम्बन्धि बिस्तृत विवरण लेखा बिबरंमा समावेश गरिनेछ ।

माथि प्रकरणमा जे सुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कोषलाई भुक्तान फिर्ता लिने वा लागत बराबरको रकमबाट भुक्तानी घटाउने अधिकार हुनेछ :

- तोकिए बमोजिमको कुनै कार्य/गतिबिधि नगरेमा
- परिणामको मात्रा वा गुणमा घटबढ हुने गरि कुनै कार्य / गतिबिधि परिमार्जन गरिएमा
- प्रस्ताब बमोजिम सेवा र सामग्री उपलब्ध नगराएमा र
- कार्य परियोजनाको क्षेत्र विचारणीय ढंगले घटाइएमा ।

**११. कार्य प्रबन्धक :**

कोषको प्रत्येक परियोजना कोषको कार्य प्रबन्धकलाई जिम्मा लगाइने छ र सोको जानकारी संस्थालाई गराईनेछ । कार्य प्रबन्धक संस्थाको लागि पहिलो सम्पर्क बिन्दु हुनेछ । निजले संस्थाको कार्य विवरणको प्रत्यक्ष सुपरिबेक्षण र अनुगमन गर्नेछ ।

**१२. सम्झौताको समाप्ति र संस्थाको गतिबिधि माथि नियन्त्रण :**

१२.१ देहायको अवस्थामा कोषलाई सम्झौता समाप्त गर्ने वा/र संस्थाको बाकी भुक्तानी रोक्न र खर्च हुन् बाकी रकमलाई फिर्ता गर्ने अधिकार हुनेछ :

- संस्था वा समुदायको निराशाजनक कार्य सम्पादन तथा सहयोगका कारण सम्झौता अनुरुपको उद्देश्य सन्तोषजनक तरिकाले हासिल हुन नसकेमा
- गरीब, असहाय वा सामाजिक रुपमा पछौटेपनामा परेका सामूदायिक सेवाग्राहीको पर्याप्त परिचालन गर्न संस्था असफल भएमा र त्यस्तो बर्गलाई कोषको गरीबी निवारण कार्यक्रमको मूल प्रवाहमा ल्याउन नसकेमा
- संस्थाद्वारा पेश गरिएको कार्य परियोजना प्रस्ताब, प्रगति विवरण वा अन्य कुनै अभिलेखमा उल्लेख गरिएको सूचना तथा पुर्वाधार कोषलाई झुक्याउने प्रकारको भएमा
- ग. नी. को. बाट प्राप्त हुनु पर्ने कोष उपलब्द नभएमा वा जुनसुकै कारणले परियोजना कार्यन्वयन हुन नसकेमा
- कोषद्वारा प्रदान गरिएको कोष तथा सामग्रीको गलत प्रयोग भएमा
- संस्थाले कोषको परिलक्ष्य तथा कार्यविधिलाई बुझ्न नसकी सोहि बमोजिम परियोजना लागु गरेमा
- समयमा प्रगति विवरण वा लेखा विवरण प्रतिवेदन पेश नगरेमा
- संस्था सम्झौताको शर्त तथा कार्य विवरण पालना गर्न असमर्थ भएमा
- आफ्नो जिम्मेवारी बहन गराउन आवश्यक कर्मचारी नियुक्त गर्न असमर्थ भएमा
- कोषको पूर्व लिखित सहमति बिना संस्थाले अर्को संस्थासंग सह सम्झौता गरेमा ।

१२.२ माथि उल्लेखित शर्तहरुको सम्बन्धमा कोषको निर्णय अन्तिम र संस्थाका लागि बाध्यात्मक हुनेछ ।

१२.३ सम्झौताको समाप्ति पश्चात कोषलाई परियोजना गतिविधिहरुको निरन्तरता रोक्न वा त्यस्तो गतिबिधि कोष आफैले जिम्मा लिने अधिकार हुनेछ । त्यस्तो अवस्थामा भए गरेका सम्पूर्ण कार्यहरुको कार्य सम्पन्न रिपोर्ट तथा जिन्सी सामान ग. नी. को. लाई हस्तान्तरण गर्नु पर्ने छ ।

१२.४ संस्थाको गतिबिधि बन्द गर्ने निर्णय कोषद्वारा भएमा सोसंग सम्बन्धित अभिलेख, तथ्यांक र गतिविधिहरुको विवरण सहित कोषद्वारा निकासा गरिएको बाकी कोष रोक्का गरि कोषमा फिर्ता गरिनेछ ।

१२.५ परियोजना बन्द भएमा कोषले परियोजनासंग सम्बन्ध गतिबिधि आफै वा अर्को योग्य संस्थासंग सम्झौता गरि निरन्तरता दिन सक्नेछ ।

१२.६ सम्झौता रद्द गर्ने निर्णय भएको अवस्थामा अथवा सम्झौता उल्लङ्घन भएको अवस्थामा प्राप्त गर्ने कोषको कानुनी उपचारको अधिकार प्रभाबकारी हुने छैन ।

१२.७ यो दफा अन्तरगत कोषले सम्झौताको रद्द गर्दा कम्तिमा ४० दिन पूर्व लिखित सूचना दिनुपर्नेछ । तर सम्झौता रद्द गर्नु कोषको हितमा आवश्यक छ भन्ने कोषलाई लागेमा सूचना जारी गरेको दिनबाटै लागु हुने गरि कोषले सम्झौता रद्द गर्न सक्नेछ ।

**१३. विवाद समाधान:**

विवाद उत्पन्न भएको अवस्थामा त्यस्तो बिबादको समाधान गर्न दुवै पक्ष प्रयत्नरत रहनु पर्नेछ । आपसी समझदारीबाट विवाद समाधान हुन् नसकेमा दुवै पक्षको सहमतिमा एक मध्यस्थको नियुक्त गरिनेछ । यी सबै प्रयासहरु विफल भएमा बिबादको समाधान प्रचलित नेपाली कानुन बमोजिम गरिनेछ ।

**१४. सम्झौताको संशोधन :**

यो सम्झौतालाई लिखित सहमतिद्वारा कुनै पनि समयमा संशोधन गर्न सकिनेछ।

**१५. निर्देशिका जारी गर्ने अधिकार :**

कोषले यो सम्झौताको शर्तहरुको प्रभाबकारी पालना तथा उद्देश्यहरुको प्राप्तिको लागि समय समयमा संस्थाको नाममा निर्देशिका जारी गर्न सक्नेछ । त्यसरी जारी गरिएका निर्देशिका असल नियतले पालना गर्नु पर्ने संस्थाको कर्तव्य हुनेछ ।

देहायका साक्षीहरुको रोहवरमा हामी कोष तथा संस्थाका तर्फबाट नियुक्त प्रतिनिधिहरुको यो सम्झौतामा हस्ताक्षर गरेका छौं ।

<u>कोषको तर्फबाट</u>

नाम: नहकुल के.सी.

पद: कार्यकारी निर्देशक

मिति : २०७३-६-६

<u>संस्थाको तर्फबाट</u>

नाम: चन्द्र बहादुर गुरुङ

पद: अध्यक्ष

मिति : २०७३-६-६

<u>कोषको तर्फबाट साक्षी</u>

नाम: ......................

पद: कार्य प्रबन्धक

मिति : २०७३-६-६

<u>सहयोगी संस्थाको तर्फबाट साक्षी</u>

नाम: वीरबल घले

पद: सचिव

मिति : २०७३-६-६

कोषको मिति २०७३-६-६ को प्राबिधिक मुल्यांकन समितिको निर्णय बमोजिम यो सम्झौता तयार गरिएको छ र सो रुजु गरि सबै ठिक भएको प्रमाणित गर्दछु ।

<u>तयार गर्ने</u>

सहि:

नाम: bdhital@pafnepal.org.np

पद: कार्य प्रबन्धक

मिति : २०७३-६-६

<u>सिफारिस गर्ने</u>

सहि:

नाम: अम्बिका महर्जन

पद: कार्यक्रम समन्वय बिभाग प्रमुख

मिति : २०७३-६-६

संलग्न कागजातहरु :

- संस्थाका लागि कार्य विवरण(टीओआर)
- संस्थाको प्रस्ताव
- संक्षिप्त आर्थिक प्रस्ताव